## आ.व. २०७८।०७९ को कमलवजार नगर कार्यपालिकाको (प्रथम बैठक)

आज मिती २०७९।०२।१८ गतेका दिन कमलबजार नगरपालिकाका नगरप्रमुख श्री यज्ञ प्रसाद ढकालज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स | नाम थर | पद | फो.न | उपस्थिति |
|---|---|---|---|---|
| १ | यज्ञ प्रसाद ढकाल | नगर प्रमुख | ९८४१३५७५१० | |
| २ | शारदा कुमार बिष्ट | नगर उपमुख | ९८६८५४५००७ | |
| ३ | भक्त बहादुर बोहरा | वडा अध्यक्ष वडा नं., १ | ९८४८४५९१३३ | |
| ४ | दिर्घा टमट्टा | वडा अध्यक्ष वडा वडा नं., २ | ९८४८५३७६३७ | |
| ५ | नन्द सिँह कुवर | वडा अध्यक्ष वडा वडा नं., ३ | ९८४१९८२०७७ | |
| ६ | मिन बहादुर साउद | वडा अध्यक्ष वडा वडा नं., ४ | ९८६४५४८७८७ | |
| ७ | सत्य राज तिमिल्सैना | वडा अध्यक्ष वडा वडा नं. ,५ | ९८४८४७३३१६ | |
| ८ | लाल बहादुर शाह | वडा अध्यक्ष वडा वडा नं., ६ | ९८४८५५०७८५ | |
| ९ | नृप बहादुर बोहरा | वडा अध्यक्ष वडा वडा नं. ,७ | ९८४८६९२०२२ | |
| १० | प्रजा बहादुर बोगटी | वडा अध्यक्ष वडा वडा नं. ,८ | ९८४८४७५२०९ | |
| ११ | कमल प्रसाद बजगाई | वडा अध्यक्ष वडा वडा नं., ९ | ९८४८५५००१८ | |
| १२ | भिम बहादुर बिष्ट | वडा अध्यक्ष वडा वडा नं. ,१० | ९८४८५९९७५९ | |
| १३ | लिलावती बिष्ट | कार्यपालिका सदस्य, ५ | ९८२२५७३०३० | |
| १४ | धनसरा ढोली | कार्यपालिका सदस्य, ३ | ९७४८७३०४७५ | |
| १५ | जमना कुमारी चलाउने | कार्यपालिका सदस्य, ८ | ९८४५९२५९३२ | |
| १६ | जानकी कुमारी बिष्ट | कार्यपालिका सदस्य, ९ | ९८४८५५४१९० | |
| १७ | मना वड | कार्यपालिका सदस्य, ९ | ९८६५८२७९६८ | |
| १८ | चक्र बहादुर टमट्टा | कार्यपालिका सदस्य, २ | ९८६१६२८२८२ | |
| १९ | गोविन्द सुनार | कार्यपालिका सदस्य, ७ | ९७४९८५०८५५ | |
| २० | धन बहादुर कामी | कार्यपालिका सदस्य, १० | ९८४८५८७२४३ | |
| २१ | खड्ग बहादुर विष्ट | नि.प्र.प्र.अ. | ९८४८१३३९६१ | |

## २०७९।०२।१८ गते दिनको १ वजे नगर कार्यपालिकाको बैठक कार्यसुचि

**बैठक संख्याः १** **बैठक स्थानः कमलवजार नगरपालिका सभाहल**

**अध्यक्षताः नगर प्रमुख श्री यज्ञ प्रसाद ढकाल**

**मितिः २०७९।२।१८ गते** **बैठक वस्ने समयः दिनको १ वजे**

| कार्यसूचि | कार्यसूचि प्रस्तुत कर्ता |
|---|---|
| १) स्थानीयतह सदस्य निर्वाचन २०७९ मा सहयोग गर्ने सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिने । | |
| २) वडा नं. ३ का वडा सदस्य पदम बहादुर विष्टको असमाहिक निधन प्रति शोक प्रस्ताव पारीत गर्ने । | |
| ३) नगरपालिका स्तरको अनुगमन तथा सुरपरिवेक्षण समिति गठन गर्ने । | |
| ४) वडा स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने । | |
| ५) आधारभूत स्वास्थ्य सेवाको सुधारका लागि कार्यालयवाट लागि पेश भएका क्रियाकलपाको प्रक्रिया अगाडी वढाउने | |
| ६) पिसिआर प्रयोगशालामा कार्यरत कर्मचारीहरुको जोखिम भत्ता २५ प्रतिशत भुक्तानी गर्ने । | |
| ७) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति पुर्नगठन गर्ने । | |
| ८) प्राथमिक स्वास्थ्य केन्द्रको लागि आवश्यक एम्बुलेन्स खरिद गर्न वजेट व्यवस्थापन गर्ने र राजश्व छुटका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने । | |
| ९) कमलवजार १५ शैया अस्पलातको प्रगति समिक्षा तथा रनिंग विल भुक्तानी सम्बन्धमा । | |
| १०) उर्जा विकास उप समिति पुर्नगठन गर्ने सम्बन्धमा । | |
| ११) शौर्य मिनिग्रिड आयोजनाको लागि लागत साझेदारी वजेट विनियोज गर्ने | |
| १२) नगरप्रमुख कमलवजार खानेपानी आपुर्ति अभियान सञ्चालन गर्ने | |
| १३) नगर उपप्रमुख कमलवजार पुर्ण सरसफाई अभियान सञ्चालन गर्ने | |
| १४) डम्पीङ साईट निर्माणको लागी क्षेत्र छनौट गर्ने । | |
| १५) चिकित्सकको सिफारिस वमोजिम आकस्मीक गर्भवति सेवामा एम्बुलेन्स सेवा निशुल्क रुपमा प्रदान गर्ने । | |

**निर्णय नं. १,** स्थानीय तह सदस्य निर्वाचन २०७९ लाई स्वतन्त्र, निष्पक्ष तथा मर्यादित रुपमा सफल पार्नका लागि अहोरात्र खटिएर सहयोग गर्ने राजनैतिक दलका सम्पुर्ण पदाधिकारीहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, सञ्चार कमीहरु तथा कमलवजार नगरपालिकाका सबै मतदाताहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** स्थानीय तह सदस्य निर्वाचान २०७९ मा कमलवजार नगरपालिकाको वडा नं. ३ वाट नगरसभा सदस्य पदवाट निर्वाचित भएका सदस्य पदम बहादुर विष्टको मिति २०७९।२।१० गते उपचारको क्रममा असमाहिक निधन प्रति शोक प्रस्ताव पारीत गर्ने । स्व पदम बहादुर विष्टको मृत आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी हार्दिक श्रदान्जी व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** चालु आ.व. २०७८।०७९ को लागि नगरपालिकावाट सञ्चालन हुने योजना तथा कार्यक्रमको लागत, परिमाण, समयसीमा, र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्टपोषण सहित प्रतिबेदन पेश गर्नको लागि तपसील वमोजिमको नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम थर | अनुगमन समिति | पद |
|---|---|---|---|
| १ | श्री शारदा कुमारी विष्ट | संयोजक | नगर उपप्रमुख |
| २ | श्री मिन बहादुर साउँद | सदस्य | वडा अध्यक्ष वडा नं. ४ |
| ३ | श्री दिर्घा टमट्टा | सदस्य | बडा अध्यक्ष वडा नं. २ |
| ४ | श्री मदन वहादुर भण्डारी | सदस्य सचिव | ईन्जिनियर प्राविधिक शाखा प्रमुख |

**निर्णय नं. ४** चालु आ.व. २०७८।०७९ को लागि नगरपालिकाका वडा स्तर सञ्चालन हुने ५ लाख सम्म लागत अनुमान भएका योजना तथा कार्यक्रमको लागत, परिमाण, समयसीमा, र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्टपोषण सहित प्रतिबेदन पेश गर्न सम्बन्धित वडाका वडा अध्यक्षको अध्यक्षतामा एक जना महिला सदस्य सहित दुई जना वडा सदस्य रहेने वडा स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्न सबै अध्यक्षहरुलाई परिपत्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** चालु आ.व. २०७८।०७९ को लागि आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरण गरी स्वास्थ्य सेवालाई सहजरुपमा प्रबाह गर्नको लागि कार्यालयवाट लागि पेश भएको तपसिल वमोजिमका प्रक्रिया अगाडी वढाउने र आगमी आ.व. २०७९।०८० को बार्षिक वजेट, नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समाबेश गर्ने र नगरपालिको स्वास्थ्य शाखावाट कार्ययोजना तर्जुमा गरी कार्यान्वयन प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

क) प्राथमिक स्वास्थ्य केन्द्र कमलवजारमा नेपाल सरकारको छात्रबृति अन्तरगत २ जना चिकित्सक स्वास्थ्य सेवा विभाग टेकु काठमाण्डौ र सामाजिक विकास मनत्रालय धनगढी कैलालीलाई अनुरोध गर्ने ।

ख) कमलवजार नगरपालिकाको आयोजनामा एकिकृत विशेषज्ञ स्वास्थ्य शिविर बर्षमा १ पटक सञ्चालन गर्ने ।

ग) कमलवजार नगरपालिकाको आयोजनामा महिला स्वास्थ्य सम्बन्धि बिशेषज्ञ शिविर बर्षमा २ पटक सञ्चालन गर्ने ।

घ) २ महिनाको एकपटक सबै स्वास्थ्य चौकीवाट चिकित्सकिय स्वास्थ्य सेवा प्रवाहगर्ने ।

ङ) सबै स्वास्थ्य स्थाहरुवाट ७० बर्ष पुरा गरेका जेष्ठ नागरीकहरुको घरमा गई आधारभुत स्वास्थ्य सेवाहरु प्रबाह गर्ने ।

च) मातृ मृत्युदर कम गर्न उत्तर प्रसुति सेवा घरघरमा गई सेवा प्रबाह गर्ने ।

छ) मातृ मृत्यु दर कम गर्न सुरक्षित गर्भपतन सेवा नगरपालिकाको ४ वटा स्वास्थ्य संस्थावाट प्रवाह गर्ने ।

ज) ९८ किशिमका निःशुल्क औषधीहरु उपलव्ध गराउने ।

झ) आ.व. २०७९।०८० देखि सेरा स्वास्थ्य चौकी र कुईका आधारभुत स्वास्थ्य चौकीवाट सुरक्षित प्रसुति सेवा सञ्चालन गर्ने ।

ञ) स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड अन्तरगतका शर्तहरु पुरागर्ने ।

ट) कमलवजार प्राथमिक स्वास्थ्य केन्द्र पिसिआर प्रयोगशालालाई निरन्तरता दिने ।

ठ) स्वास्थ्य सेवा कार्यक्रमको व्यवस्थापन जनशक्ति व्यवस्थापन र अनुगमन कार्यलाई प्रभावकारी वनाईने ।

**निर्णय नं. ६** प्राथमिक स्वास्थ्य केन्द्र कमलवजार पिसिआर प्रयोगशालामा कार्यरत कर्मचारीहरुको मिति २०७८ माघ १ गते देखि तलव भत्ता भुक्तानी हुन बाँकी रहेकोले मिति २०७८ माघ १ गते देखि २०७९ बैशाख मसान्त सम्म करार सम्झौता बमोजिमको पारिश्रमिक र जोखिम भत्ता २५ प्रतिशत रकम प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय ७:** स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति पुर्नगठन गर्न नगरपालिका स्थित सबै स्वास्थ्य संस्थालाई परिपत्र गर्ने ।

**निर्णयः ८** प्राथमिक स्वास्थ्य केन्द्र कमलवजारमा हाल रहेको एम्बुलेन्स मर्मत गरी सञ्चालनमा ल्याउन नसकिने भएको तत्काल आपतकालिन स्वास्थ्य सेवा प्रबाहको लागि एमबुलेन्स अति आवश्यक भएको हुदाँ नगरसभाको वैठकवाट नगरपालिकाको जग्गा खरिद शिर्षकमा विनियोन भएको वजेटवाट रु १५ लाख रकम एम्बुलेन्स खरिद शिर्षकमा विनियोजन गरी संसोधन सहित स्वीकृत गर्ने । एम्बुलेन्स खरिदको लागि नियमानुसार राजश्व छुटको लागि स्वास्थ्य कार्यालय अछाम, जिल्ला प्रशासन कार्यालय अछाम र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** कमलवजार १५ शैया अस्पलातको भवन निर्माण कामको दोश्रो रनिंग विलको भुक्तानी सम्बन्धमा छलफल गर्दा गत आ.व. २०७७।०७८ मा ठेक्का सम्झौता भई यस कमलवजार नगरपालिकामा निर्माणाधिन १५ शैया अस्पताल भवन निर्माण व्यवसायी श्री राजेन्द्र निर्माण सेवा प्रा.लि. लाई गत बर्ष नियमानुसार २० प्रतिशत मोविलाईजेशन पेश्की **रु २१३८२०००।** र प्रथम रनिंग विलको **रु ८१२२३३३।५१** भुक्तानी भएको देखिन्छ । मोविलाईजेशन पेशकी प्रत्येक रनिंग विलमा विल रकमको २० प्रतिशत पेशकी फच्छ्रोट हुदै अन्तिम विलमा सून्य हुने गरी पेश्की कट्टा हुने प्रावधान भएको हुदा सोही अनुरुप निरुपण हुदै आएको छ । हाल उक्त भवन निर्माण कामको जगको काम करिव सम्पन्न भई पहिलो तलाको आधा कदको पिलर खडा गर्ने काम भैरहेको बाह्यरुपमा देखिन आएको छ । निर्माण कामका संलग्न निर्माण व्यवसायी श्री राजेन्द्र निर्माण सेवाले हाल सम्म गरेका कामको रनिंग विलको भुक्तानी माग भएको सन्दर्भमा प्राविधिकवाट दोश्रो रनिंग विलको नापजाँच र मूल्याँकन अनुसार मु.अ.क. सहित रु **२११९३४२१।१७** को दोश्रो रनिंग विल स्वीकृत भई भुक्तानीको लागि पेश हुन आएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५७ र सार्वजनिक खरिद निमावली २०६४ को नियम १२३ र १२३ को १ (ख) वमोजिम कार्यसम्पादनको मुल्याँकनको आधारमा भुक्तानी गर्न सकिने व्यवस्था वमोजिम रनिंग विलको रकम रु रु **२११९३४२१।१७ मा** मोविलाईजेशन पेश्की २० प्रतिशत ले हुने **रु ३७५१०४८।** मु.अ.कर रु **२४३८१८१।२० को** ३० प्रतिशत हुने **रु ७३१४५४।** त्रुटी सच्याउने अवधि सम्मको लागि ५ प्रतिशत धरौटी कट्टी **रु ९३७७६२।** अग्रिम आय कर वापतको १.५ ले हुने **रु २८१३२९।** समेत कट्टा गरी वाकी रकम रु **१५४९१८२८।** अक्षेरुपी एक करोड चौवन्न लाख एकानब्बे हजार आठसय अठ्ठाईस मात्र भुक्तानीका लागि पेश भएको हुदा राजेन्द्र निर्माणसेवालाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** कमलवजार नगरपालिकास्तरको तपसिल वमोजिमका पदाधिकारीहरु रहेको उर्जा विकासउप समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

| क्र.स | नाम थर | पद | उर्जा उपसमिती | फो.न |
|---|---|---|---|---|
| १ | यज्ञ प्रसाद ढकाल | नगर प्रमुख | संरक्षक | ९८४१३५७५१० |
| २ | शारदा कुमार बिष्ट | नगर उपमुख | संरक्षक | ९८६८५४५००७ |
| ३ | खड्ग बहादुर विष्ट | प्र.प्र.अ. | सल्लाहकार | ९८४८१३३९६१ |
| ४ | मदन बहादुर भण्डारी | ईन्जिनियर | विषयगत विज्ञ | ९८४६७३९३४३ |
| उर्जा विकासउप समिति | | | | |
| १ | नृप बहादुर वोहरा | वडा अध्यक्ष वडा नं., ७ | संयोजक | ९८४८४५९१३३ |
| २ | भक्त बहादुर बोहरा | वडा अध्यक्ष वडा नं., १ | सदस्य | ९८४८४५९१३३ |
| ३ | दिर्घा टमट्टा | वडा अध्यक्ष वडा वडा नं., २ | सदस्य | ९८४८५३७६३७ |
| ४ | नन्द सिँह कुवर | वडा अध्यक्ष वडा वडा नं., ३ | सदस्य | ९८४१९८२०७७ |
| ५ | मिन बहादुर साउद | वडा अध्यक्ष वडा वडा नं., ४ | सदस्य | ९८६४५४८७८७ |
| ६ | सत्य राज तिमिल्सैना | वडा अध्यक्ष वडा वडा नं. ,५ | सदस्य | ९८४८४७३३१६ |
| ७ | लाल बहादुर शाह | वडा अध्यक्ष वडा वडा नं., ६ | सदस्य | ९८४८५५०७८५ |
| ८ | नृप बहादुर बोहरा | वडा अध्यक्ष वडा वडा नं. ,७ | सदस्य | ९८४८६९२०२२ |

| | | | | |
|---|---|---|---|---|
| ९ | प्रजा बहादुर बोगटी | वडा अध्यक्ष वडा वडा नं. ,८ | सदस्य | ९८४८४७५२०९ |
| १० | कमल प्रसाद बजगाई | वडा अध्यक्ष वडा वडा नं., ९ | सदस्य | ९८४८५५००१८ |
| ११ | भिम बहादुर बिष्ट | वडा अध्यक्ष वडा वडा नं. ,१० | सदस्य | ९८४८५९९७५९ |
| १२ | लिलावती बिष्ट | कार्यपालिका सदस्य, ५ | सदस्य | ९८२२५७३०३० |
| १३ | धनसरा ढोली | कार्यपालिका सदस्य, ३ | सदस्य | ९७४८७३०४७५ |
| १४ | जमना कुमारी चलाउने | कार्यपालिका सदस्य, ८ | सदस्य | ९८४५९२५९३२ |
| १५ | जानकी कुमारी बिष्ट | कार्यपालिका सदस्य, ९ | सदस्य | ९८४८५५४१९० |
| १६ | मना वड | कार्यपालिका सदस्य, ९ | सदस्य | ९८६५८२७९६८ |
| १७ | चक्र बहादुर टमट्टा | कार्यपालिका सदस्य, २ | सदस्य | ९८६१६२८२८२ |
| १८ | गोविन्द सुनार | कार्यपालिका सदस्य, ७ | सदस्य | ९७४९८५०८५५ |
| १९ | धन बहादुर कामी | कार्यपालिका सदस्य, १० | सदस्य | ९८४८५८७२४३ |

**निर्णय नं. ११** नेपाल सरकारवाट स्वीकृत नविकरणीय उर्जा अनुदान नीति २०७८ एवं मिनीग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली २०७६ अनुसार स्थानीय तहको सामित्व रहेने गरी विद्युतिकरण नभएका क्षेत्रमा सौर्य मिनिग्रिड मार्फत विद्युतिकरण गर्ने कार्यक्रमका लागि कमलवपजार नगरपालिका वडा नं. २ वडापोखरामा कमलवजार सौर्य मिनीग्रिड आयोजना (९० कि.वा.) पिक आयोजनाको विस्तृत परियोजना प्रस्ताव वमोजिम रु ६,९४,१२,२०५। को लागि अनुमान स्वीकृत भै आएको र लागत अनुमानको १० प्रतिशतले हुन आउने रकम रु ६९,४१,२२०। स्थानीय तहले व्यवस्थापन गर्ने गरी प्रक्रिया वमोजिम सम्झौता पश्चात कार्यान्वयन हुने भनि बैकल्पीक उर्जा प्रबर्द्धन केन्द्रवाट परिपत्र प्राप्त भएकोले लागत अनुमानको १० प्रतिशतले हुन आउने रकम रु ६९,४१,२२०। आगामी आ.व.को बजेटमा समाबेश गर्ने र स्वीकृतिका लागि नगरसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** कमलवजार नगरपालिको मुख्य वजार क्षेत्रमा खानेपानीको प्रमुख समस्यालाई समाधान गर्नको लागि नगरप्रमुख खानेपानी आपुर्ति अधियान सञ्चालन गर्न आगामी आ.व.को नीति योजना तथा कार्यक्रममा समाबेश गर्ने र कमलवजार वजार विकास समिति, स्थानीय वासीन्दाहरुको सहभागिमा बृहत बैठकको आयोजना गरी खानेपानी समस्या समाधान तर्फ प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. १३ :** कमवजार नगरपालिकाको मुख्य वजार क्षेत्र तथा विभिन्न वजार क्षेत्रमा फोहोर मैला व्यवस्थापन गरी हाम्रो नगरपालिका पूर्ण सरसफाइ युक्त सुन्दर नगरपालिका वनाउनको लागि नगरउपप्रमुख पूर्ण सरसफाई युक्त अभियान सञ्चालन गर्ने र कमलवजार वजार विकास समिति, स्थानीय वासीन्दाहरुको सहभागिमा बृहत बैठकको आयोजना गरी सरसफाई समस्या समाधान तर्फ प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. १४:** कमवजार नगरपालिकाको मुख्य वजार क्षेत्र तथा विभिन्न वजार क्षेत्रमा जम्मा हुने फोहोर मैला व्यवस्थापनको लागि सरसफाईको क्षेत्रमा सुधार गर्नु पर्ने भएकोले कमलवजार नगरपालिकाको वडा नं. १ कमलजार गैरीखाँद सडक खण्डको गैरीखाँदवाट करीव ८०० मिट उत्तर तर्फको खाली जग्गामा डम्पींङ्ग साईट निर्माणको लागि जग्गा छनौट गर्ने । छनौट भएको डम्पींङ्ग साईट क्षेत्र सम्म सडक निर्माण गर्ने र डम्पींङ्ग साईट स्थलको जग्गा सम्याउने कार्यको लागि प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. १५:** मातृ मृत्युदर कम गर्न तथा गर्भवति र सुत्केरी अवस्थामा जटिलताआई प्राथमिक स्वास्थ्य केन्द्रवाट आकस्मीक गर्भवति तथा प्रसुति सेवाको लागि चिकित्सकको सिफारीस वमोजिम जिल्ला तथा जिल्ला वाहिर रेफर हुने कमलवजार नगरपालिकाको स्थाई ठेगाना भएका गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्नको लागि नगरसभाको वैठकमा प्रस्ताव सिफारीस गर्ने निर्णय गरियो ।